जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२  अंक ८२  २०७९ साल कात्तिक ७ गते सोमबार  (24 Oct 2022 Monday)  मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालको हवाई क्षेत्रमा अन्तराष्ट्रिय. ३ पृष्ठमा : प्रधानमन्त्रीको दौडमा बेलायतका ... ३ पृष्ठमासी चिनफिङ तेस्रो...

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

# सत्तारुढ गठबन्धनका साझा उम्मेदवार ठाकुरले सार्वजनिक गरे स्थानियस्तरका २६ बुँदे प्रतिबद्धता पत्र



**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. २ का सत्तारुढ गठबन्धनका साझा उम्मेदवार लोसपाका जय प्रकाश ठाकुरले आइतबार एक कार्यक्रमबीच स्थानिय स्तरका २६ बुँदे प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् ।

राजविराजस्थित पत्रकार महासंघ शाखा सप्तरीको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरि उनले स्थानियस्तरका विभिन्न २६ बुँदे योजना समेटेर तयार पारिएको प्रतिबद्धता पत्र सार्वजनिक गरेका हुन् ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरि स्थानियस्तरका मुद्दा समेटेर प्रतिबद्धता पत्र सार्वजनिक गर्ने जिल्लामै उनी पहिलो उम्मेदवार हुन् ।

कृषि क्षेत्रको प्रवर्द्धन कार्यक्रम अन्तरगत सिंचाईको उचित प्रवन्ध, प्रत्येक वडामा स्टेट बोरिङ, समयमै मलखाद बिउबिजनको व्यवस्था, गाउँ तथा नगर ब्लकका जग्गाधनीलाई लाल पूर्जाको व्यवस्थापन, रोजगारी सृजनाका लागि कम्तिमा एक हजार बेरोजगार युवालाई रोजगारीका लागि विभिन्न योजनाको कार्यान्वयन लगायतका मुद्दालाई पनि उनले प्राथमिकतामा राखेको प्रतिबद्धता पत्रमा उनले उल्लेख गरेका छन् ।

यस्तै रोजगारी, स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार निर्माण कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ भने सीमावर्ती भारतको निर्मलीसम्म पुगेको रेल सेवालाई भारत सरकारसँग पहल गरि जिल्लासम्म बिस्तार गर्न लागि पर्ने, जिर्ण र उद्योगबिहीन अवस्थामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा सुधार र उद्योगहरुको स्थापना, गजेन्द्र नारायण सिंह अस्पतालको स्तरोन्ती गरि बाहिर जानु पर्ने अवस्थाको अन्त्य, जिल्लाकै सबभन्दा पुरानो महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको स्तरोन्ती, राजविराजमा व्यवस्थित बस पार्कको यथासिघ्र संचालन, गजेन्द्र नारायण सिंह संग्राहालय र प्राविधिक शिक्षा तालिम केन्द्रको स्थापना उनले प्रतिबद्धता पत्रमा समेटेका छन् ।

त्यसैगरि राजरंगशालाको स्तरोन्ती, राजविराजमा अन्तराष्ट्रिय क्रिकेट खेल मैदानको निर्माण, पत्रकारिता क्षेत्रको विकासका लागि विशेष कार्यक्रम लगायतका विषय समेत उनले समेटेका छन् ।

उनले गठबन्धन भित्र कुनै समस्या नरहेको दाबी गर्दै एक ढिक्का भई अघि बढेको र सफलता निश्चित रहेको बताए ।

सत्तारुढ गठबन्धनले राष्ट्रियस्तरका मुद्दा समेटेर घोषणा पत्र सार्वजनिक गरे पनि आफूले स्थानिय स्तरमा देखिएका थप समस्यालाई समेटेर प्रतिबद्धता पत्र तयार गरेको र चुनाव जितेपछि त्यसको अक्षरस पालना गर्ने प्रतिबद्धता समेत उनले व्यक्त गरे ।

# उत्कृष्ट टिकटक भिडिओ बनाउनेलाई निर्वाचन आयोगले पुरस्कृत गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि उत्कृष्ट टिकटक भिडिओ बनाउनेलाई निर्वाचन आयोगले पुरस्कृत गर्ने घोषणा गरेको छ ।

निर्वाचन प्रचारप्रसार, निर्वाचन आचारसंहिता तथा निर्वाचन शिक्षाजस्ता विषयमा आधारित उत्कृष्ट टिकटक भिडिओ बनाउन आह्वान गर्दै आयोगले प्राप्त उत्कृष्ट भिडिओलाई पुरस्कृत गर्ने निर्णय गरेको हो ।

यसअघि शनिबार नै आयोगले चुनावसम्बन्धी गीत सामाजिक सञ्जालमा राखेको थियो । उक्त गीतबारे तीव्र आलोचना भएपछि उक्त गीतको भिडिओ अहिले हटाइएको छ । टिकटक भिडिओ प्रतियोगितामा सहभागी हुनेले २० सेकेन्डदेखि एक मिनेटसम्मको भिडिओ बनाएर यही कात्तिक ५ देखि १५ गतेभित्र पठाइसक्नुपर्ने छ ।

आयोगले प्राप्त भएकामध्ये उत्कृष्ट पाँच भिडिओलाई जनही रू ५० हजारका दरले पुरस्कृत गर्ने जनाएको छ । उनीहरूलाई प्रशंसापत्रसमेत प्रदान गरिने बताइएको छ ।

त्यसका लागि आयोगले केही सर्तहरू पनि राखेको छ । जसअनुसार आयोगले भिडिओ प्रतिनिधि सभा तथा प्रदेश सभा

*बाँकी तीन पृष्ठमा*

**मंगलमय शुभकामना**

२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सम्पूर्ण ग्राहक, पाठक, शुभचिन्तक एवं बिज्ञापनदाताहरुमा सुस्वास्थ्य एवं दिर्घायुको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






राजविराज दैनिक
परिवार

# लोसपाबाट समानुपातिकमा नाम सिफारिस भएकी पुनम यादवसहित दर्जनौं नेता जसपामा प्रवेश

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का तर्फबाट समानुपातिमा मधेश प्रदेशसभा सदस्यका लागि नाम सिफारिस भएकी पुनम यादवसहित दर्जनौं नेता आइतबार जसपामा प्रवेश गरेका छन् । लोसपाका केन्द्रिय सदस्य समेत रहेकी पुनम यादवको पार्टीले समानुपातिक सूचीमा १४औं नम्बरमा नाम सिफारिस गरेको छ ।







राजविराजमा आइतबार आयोजित एक कार्यक्रमका बीच लोसपाका केन्द्रीय नेता शैलेश कुमार चौधरी, केन्द्रीय नेता एवम् मधेश बाहिनी रक्षा दलको पुर्व अध्यक्ष विनोद कुमार यादव, अमर कान्त झा लगायत नेताहरु जसपामा प्रवेश गरेका हुन् ।

*बाँकी अन्तिम पृष्ठमा*

**चाडवाडको समयमा खानपानमा ध्यान दिऔं।**

- मासु, धेरै चिल्लो तथा गुलियो भएको खानेकुरा आवश्यकता भन्दा बढी उपभोग नगरौं।
- खानेकुराहरु सुरक्षित राखेर मात्र उपभोग गरौं।
- बासी, सडेगलेको र गन्हाएको खानेकुरा उपभोग नगरौं।
- मासु तथा धेरै चिल्लो भएको खानेकुरा खाँदा सन्तुलन मिलाएर उपभोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# डिजिटल भुक्तानीमा अभ्यस्त हुँदै नेपाली कारोबार बढ्न थाल्यो

काठमाडौँ ६ कात्तिक (रासस)।

प्रविधिको प्रयोग र पहुँच बढेसँगै पछिल्लो समय भौतिकरुपमा रुपैयाँ पैसा नै नबोकिकनै कारोबार गर्न सकिने भएको छ।

पछिल्ला दिनमा विद्युतीय भुक्तानीको कारोबारमा उल्लेख्य वृद्धि हुनुले पनि सो कुराको पुष्टि गरेको हो। कोभिड महामारी अगाडि सामान्यरुपमा मात्रै अगाडि बढेको विद्युतीय भुक्तानी एवं कारोबार भने अपेक्षितरुपमा अगाडि बढेको छ। राष्ट्र बैंकले विद्युतीय भुक्तानीका लागि प्रोत्साहन गरेसँगै यसको प्रयोगमा वृद्धि भएको हो। प्राविधिक पूर्वाधारको विकास, कारोबारमा प्रोत्साहन तथा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानीको कारोबारमा वृद्धि भइरहेको देखिन्छ। केन्द्रीय बैंकले सार्वजनिक गरेको पछिल्लो विवरणानुसार चालु आवको दोस्रो महिनामा मात्रै विद्युतीय माध्यम प्रयोग गरी रु ४९ खर्ब बढीको कारोबार भएको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा उल्लेख भएअनुसार भदौ महिनामा मात्रै रु दुई खर्ब ९२ अर्ब ५४ करोड ५० लाखभन्दा बढी रकम कनेक्ट आइपिएसमार्फत कारोबार भएको छ। कनेक्ट आइपिएसको माध्यमबाट अघिल्लो आवको भदौ महिनामा रु दुई खर्ब ३२ अर्ब ५४ करोड ३० लाखको कारोबार भएको थियो।

त्यस्तै चालु आवको भदौ महिनामा मोबाइल बैंकिङ प्रयोग गरी रु एक खर्ब ४६ अर्ब १४ करोड ३० लाख बराबरको कारोबार भएको देखिन्छ। सो माध्यमको प्रयोग गरी अघिल्लो आवको भदौमा रु ७४ अर्ब ३१ करोड बराबरको कारोबार भएको थियो। केन्द्रीय बैंकको तथ्याङ्कअनुसार गत भदौ महिनामा विभिन्न वालेट प्रयोग गरी रु १७ अर्ब ६३ करोड ५० लाखको कारोबार भएको देखिन्छ जुन अघिल्लो वर्षको भदौमा रु १४ अर्ब ४२ करोड ७० लाख बराबरको थियो।

पछिल्लो समय कनेक्ट आइपिएस, मोबाइल बैंकिङ, वालेट, इन्टरनेट बैंकिङ र क्युआर कोडजस्ता भुक्तानीका माध्यमबाट हुने कारोबार रकममा वृद्धि हुँदै गरेको देखिन्छ। गत आवको भदौ महीनाको तुलनामा चालु आवको भदौमा क्युआर कोड प्रयोग गरेर कारोबार भएको देखिन्छ। बैंकका अनुसार गत आवको भदौमा रु पाँच अर्ब ८५ करोड ७० लाख बराबरको भुक्तानी भएको थियो भने चालु आवको भदौ मसान्तसम्ममा रु १५ अर्ब दुई करोड ८० लाख बराबरको भुक्तानी भएको छ।

त्यस्तै भदौमा इन्टरनेट बैंकिङमार्फत रु १२ अर्ब १९ करोड ३० लाखभन्दा बढीको कारोबार भएको छ। गत भदौमा यसको प्रयोग गरी रु १३ अर्ब ५० करोड

*बाँकी अन्तिम पृष्ठमा*

# नेपालको हवाई क्षेत्रमा अन्तराष्ट्रिय समुदायको किन बढ्यो चासो

**सिबी अधिकारी**

काठमाडौँ, ६ कात्तिक (रासस)।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को अडिट प्रतिवेदनमा नेपालले हवाई सुरक्षा परिपालनादर विश्वव्यापीभन्दा माथि अर्थात् ७० दशमलव एक प्रति प्राप्त गरेको छ। आइकाओले यसैवर्ष नेपालमा गरेको हवाई सुरक्षा अडिटको अन्तिम प्रतिवेदन हालै नेपालको नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले सार्वजनिक गरेको थियो।

नेपालले प्राप्त गरेको यो स्कोर ग्लोबल एभरेजभन्दा माथि हो। एशिया प्रशान्त क्षेत्रको भन्दा अगाडि छ। प्राधिकरणका अनुसार एशिया प्रशान्त क्षेत्रको उड्डयन सुरक्षादर ६४ दशमलव पाँच र विश्वव्यापी सुरक्षादर ६७ प्रतिशत रहेको छ। मुलुकको हवाई क्षेत्रमा प्राप्त यो उपलब्धिप्रति अन्तर्राष्ट्रिय समुदायको चासो र सद्भाव बढेको छ। पछिल्ला दिनमा बहुर्राष्ट्रिय निकायले हवाई सुरक्षाबारे अध्ययन तथा अडिट गरेका छन्। यसले मुलुकको समग्र हवाई सुरक्षा प्रणालीप्रति विश्वको ध्यान खिचेको र नेपालको हवाई सुरक्षा राम्रो रहेको सन्देश दिएको प्राधिकरणका हवाई सुरक्षा विभागका प्रमुख राजु श्रेष्ठले बताउनुभयो।

"आइकाओको अडिट प्रतिवेदनपछि अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव बढेको छ", उहाँले भन्नुभयो, "यसले असाध्यै राम्रो सन्देश दिएको छ, नेपालको हवाई सुरक्षा प्रणाली राम्रो रहेको छ, नेपालले हासिल गरेको विश्वव्यापी हवाई परिपालनादरबाट नेपाल सबल देशभित्र परेको छ जुन देशको लागि गौरबको विषय पनि हो।" हाल नेपालमा नौ फिक्सविङ र ११ हेलिकप्टर कम्पनीसहित कूल २० वायुसेवा कम्पनी सञ्चालनमा छन्। नेपालमा सबै प्रकारका गरी एक सय हाराहारी वायुयान छन्। त्यसमा करिब ८० जहाज र हेलिकोप्टर ४० छन्। हालसम्म देशभर नौ सय ड्रोन दर्ता भएको प्राधिकरणले जनाएको छ।

नेपालको हवाई क्षेत्रमाथि अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव बढ्नु सकारात्मक रहेको र यसले नेपालको नागरिक उड्डयन क्षेत्र विश्वव्यापी मापदण्डको छ भन्ने सन्देश गएको उहाँले उल्लेख गर्नुभयो। नेपालको हवाई क्षेत्रप्रति प्राधिकरणले आइकाओको सहयोगमा मुलुकको हवाई सुरक्षा परिपालन दर ८० प्रतिशत कायम गर्ने लक्ष्यसहित मुलुकको हवाई क्षेत्रको सुधारात्मक कामलाई प्राथमिकता दिएको छ।

आइकाओको अडिट प्रतिवेदनबाट नेपालले उत्कृष्ट नतिजा हासिल गरेको भन्दै प्रतिवेदनले औँल्याएका कमीकमजोरी निर्मूल गर्न गृहकार्य सुरु गरिसकेको उपमहानिर्देशक श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार अडिटपछि प्राधिकरणले प्राधिकरणले सेफ्टी हेर्ने निकायलाई अलग्गै बजेट र जनशक्तिको व्यवस्था गरेको छ। उड्डयन सुरक्षा सुदृढीकरण गर्न प्राधिकरणको सुरक्षा निर्देशनालयमा उपमहानिर्देशकको नेतृत्व रहनेछ।

त्यसअन्तर्गत सेवा प्रदायक र नियमनकारी क्षेत्रमा कार्यरत कर्मचारीको एक अर्को क्षेत्रमा सरुवा नहुने व्यवस्था कार्यान्वयन गरिएको छ।

पछिल्ला दिनमा बहुर्राष्ट्रिय निकायबाट हवाई सुरक्षाबारे धमाधम अध्ययन तथा अडिट भइरहेको छ। यसले मुलुकको समग्र हवाई सुरक्षा प्रणालीप्रति विश्वको ध्यान खिचेको र नेपालको हवाई सुरक्षाप्रति अन्तर्राष्ट्रिय सरोकारवालाको विश्वास अभिवृद्धि भएको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले बताउनुभयो।

उहाँले भन्नुभयो, "मुलुकको हवाई क्षेत्रमा अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव रहनु नेपालको हवाई सुरक्षा प्रणाली राम्रो छ, भन्ने सन्देश गएको छ।"

**बहुर्राष्ट्रिय निकायबाट अध्ययन**

आइकाओको अडिट रिपोर्टपछि एकपछि अर्को अन्तर्राष्ट्रिय निकायले नेपालको हवाई क्षेत्रबारे अध्ययन र छलफल गरेका छन्। आइकाओको अडिट लगत्तै यरोपेली सङ्घ (इयू) को प्राविधिक टोलीले नेपालको हवाई सुरक्षा प्रणालीबारे अडिट गरेको थियो। गत अप्रिल १२ देखि २५ तारिखसम्म इयूको टोलीले नेपालको हवाई सुरक्षा परिपालनाका विषयमा अध्ययन गरेको हो।

इयूको टोलीले अक्टोबर ६ देखि ८ तारिखसम्म अध्ययन गरेको थियो। नेपालले गरेको प्रगतिप्रति इयूको टोली उत्साहित बनेको थियो। त्यस लगत्तै विश्व बैंकको विज्ञ टोलीले अक्टोबर ११ देखि १९ सम्म प्राधिकारका उच्च अधिकारी र हवाई उद्योगसँग सम्बन्धित सरोकारवालासँग छलफल गरेको थियो।

उक्त टोलीले समेत नेपालमा सुरक्षा अभिवृद्धिमा दक्षजनशक्ति रहेको भन्दै सन्तुष्टि व्यक्त गरेको प्राधिकरणले जनाएको छ। पछिल्लो पटक अक्टोबर २० देखि २२ सम्म संयुक्त राज्य अमेरिकाको नागरिक उड्डयनको नियामक निकाय 'फेडेरल एभिएसन एड्मिनिष्ट्रेसन' को एक मिसनले नेपालको हवाई क्षेत्रका सरोकारवालासँग छलफल गरेको थियो।

**अमेरिकी नियामक निकायको अध्ययन**

अमेरिकी नियामक निकायको टोलीले नेपालको हवाई सुरक्षाको अवस्थाबारे हालै सरोकारवालासँग छलफल गरेको छ। एफएएका दक्षिण एशिया हेर्ने प्रमुख प्रतिनिधि डेनियल जकोबले नेपालको हवाई सुरक्षा प्रणालीबारे विज्ञ सरोकारवालासँग छलफल गर्नुभएको प्राधिकरणका प्रवक्ता निरौलाले बताउनुभयो।

नेपाल र अमेरिकाबीच हवाई सेवा सम्झौताको तयारी अगाडि बढिरहेको सन्दर्भमा अमेरिकाले नेपालको हवाई सुरक्षाबारे अध्ययन गर्नु सकारात्मक विषय भएको उहाँले उल्लेख गर्नुभयो।

**कहिले हुँदैछ अमेरिकासँग हवाई सम्झौता**

अमेरिकासँग सिधा हवाई उडानका लागि द्विपक्षीय हवाई सम्झौता गर्नेबारे संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरणले सरोकारवालासँग छलफल गरिरहेको छ। "एकीन मिति तय भएको छैन, आगामी नोभेम्बर या डिसेम्भरमा हवाई सम्झौता हुन्छ अमेरिकाले पठाएको हवाई सम्झौताको मस्यौदामाथि अहिले छलफल भइरहेको छ", प्राधिकरणका प्रवक्ता निरौलाले भन्नुभयो। नेपालसँग हवाई सम्झौता गर्न अमेरिका आफैले चासो देखाएर सम्झौताको मस्यौदा पठाएको प्राधिकरणले जनाएको छ। नेपालले हाल ४० देश र युरोपेलीय सङ्घ (इयू) गरी ४१ मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको छ।

**इयू सकारात्मक**

नेपालको हवाई उड्डयन इयूको प्राविधिक टोली सकारात्मक देखिएको छ। इयू अन्तर्गतको युरोपियन एभिएसन सेफ्टी एजेन्सीको अडिट टोलिले नेपालको समग्र हवाई सुरक्षाबारे सकारात्मक प्रतिक्रिया दिएको प्राधिकरणले जनाएको छ। यद्यपि अक्टोबर २८ मा नेपाललाई प्रतिवेदन दिने प्रारम्भिक कार्यक्रम छ।

इयूले विगत १० वर्षदेखि नेपाललाई 'उड्डयन सुरक्षा सूची'मा राखेको छ। यसअघि नेपालको हवाई उड्डयन सुरक्षामा जोखिम बढेको जनाउँदै आइकाओले सन् २०१३ मा नेपाली वायुसेवालाई गम्भीर सुरक्षा चासोको सूचीमा राखेको थियो। पछि सन् २०१७ मा नेपालले प्रगति गरेको भन्दै आइकाओले उक्त सुरक्षा सूचीबाट हटाएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# प्रधानमन्त्रीको दौडमा बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जन्सन

लण्डन, ६ कात्तिक (रासस/सिन्ह्वा)।

बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जन्सन लेबर पार्टीको नेतृत्वका लागि औपचारिक प्रयास सुरु गर्न क्यारेबियन क्षेत्रको भ्रमण कटौती गरी शनिबार बेलायत आइपुग्नुभएको बेलायती सञ्चारमाध्यमले जनाएका छन्।

गत जुलाई ७ मा प्रधानमन्त्री जोनसनका मन्त्रीले एकपछि अर्को गर्दै राजीनामा दिएपछि प्रधानमन्त्री जोनसनले राजीनामा दिन बाध्य हुनुभएको थियो।

जोनसनले अब प्रधानमन्त्रीको दौडमा भाग लिने इच्छा व्यक्त गर्दै आफू यसका लागि तयार रहेको बताउनुभएको छ।

जोनसनको क्याबिनेटमा रहेका पूर्वअर्थमन्त्री ऋषि सुनकले पनि टोरी र बेलायती प्रधानमन्त्रीपदका लागि १०० भन्दाबढी मनोनयन प्राप्त गरेका थिए।

प्रधानमन्त्री लिज ट्रसको राजीनामापछि पार्टी नेताका लागि १०० मनोनयनको थ्रेसहोल्डमा पुग्ने सुनक शुक्रबार अबेर टोरी नेतृत्वका पहिलो दावेदार बन्नुभएको छ।

पछिल्लो नेतृत्वको प्रतिस्पर्धामा ट्रससँग पराजित भएका सुनकलाई बेलायतको प्रधानमन्त्रीको दौडमा प्रवेश गर्न कन्जरभेटिभ पार्टीका कम्तीमा १०० सांसदको समर्थन प्राप्त भएको थियो।

बेलायती प्रधानमन्त्री लिज ट्रसले बिहीबार प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि यो एउटा महत्वपूर्ण घटनाक्रम हो। राजीनामाले देशलाई राजनीतिक उथलपुथलमा फसाएको छ र स्थिर सरकारको खोजी गरेको छ किनकि विपक्षीले आम चुनावको आफ्नो माग दोहाऱ्याउनुभएको छ।

हाउस अफ कमन्सकी टोरी नेतृ पेनी मोर्डाउन्टले पनि शुक्रबार आफ्नो दावेदारी प्रस्तुत गर्नुभएको थियो।

"नयाँ सुरुवात, एकताबद्ध पार्टी र राष्ट्रिय हितमा नेतृत्व चाहने सहकर्मीको समर्थनबाट म उत्साहित भएको छु," मोर्डाउन्टले ट्वीटरमा लेख्नुभएको छ।

टोरी सांसदले सोमबार मतदान गर्नेछन्, र दुई उम्मेदवार टोरी सदस्यताको लागि अगाडि राखिनेछन्। नतिजा २८ अक्टोबर घोषिणा हुनेछ।

पदबाट राजीनामा दिएपछि ट्रस सबैभन्दा छोटो समय सेवा गर्ने बेलायती प्रधानमन्त्री बन्नुभएको छ। उहाँले आफू निर्वाचित भएको जनादेश पूरा गर्न नसक्ने बताउँदै राजीनामा दिनुभएको हो।

ट्रसले आगामी सातामित्र नयाँ नेतृत्व चयनका लागि आफूले राजीनामा दिने घोषणा गरेपछि पार्टी नेता चयन र प्रधानमन्त्रीको नेतृत्व चयनको प्रक्रिया सुरू भएको हो।

बेलायती अर्थमन्त्री क्वासी क्वार्टेङले घोषणा गरेको आर्थिक नीतिका कारण बेलायती अथएतन्त्रमा प्रभधाव देखिन थालेपछि ट्रसले बर्खास्त गर्नुभएको थियो। गृहमन्त्री सुएला ब्रेभरम्यानले राजीनामा दिएपछि ट्रसले राजीनामा दिनुभएको थियो। गत महिना बोरिस जोनसनको उत्तराधिकारी बनेपछि लिज ४५ दिनका लागि मात्र सत्तामा रहनुभएको थियो।

### *उत्कृष्ट टिकटक ...*

सदस्य निर्वाचन, २०७९ लक्षित हुनु पर्ने जनाएको छ। भिडिओ संवादमूलक, सन्देशमूलक हुनु पर्ने र आफ्नै मौलिक अडियो र अभिनय भएको भिडिओलाई प्राथमिकता दिइने भनेको छ।

त्यस्तै भिडिओ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा मतदाता जागरण हुने खालका विषयवस्तुहरूमा आधारित हुनुपर्ने तथा निर्वाचनको सामान्य जानकारी, निर्वाचनको आवश्यकता र महत्व, मतपत्रमा छाप लगाउने सही तरिका, निर्वाचन आचारसंहिताको पालना, मतदाताको अधिकार र कर्तव्य, मतदाताले कस्तो उम्मेदवार छनोट गर्नुपर्छ भन्ने जानकारीलगायत निर्वाचन सम्बन्धी विषयमा आधारित भएर छुट्टाछुट्टै भिडिओ बनाउन सकिने शर्त आयोगले राखेको छ।

कुनै एक व्यक्तिले एउटा विषयमा ५ वटासम्म भिडिओ पठाउन सकिनेका साथै दुई वा दुईभन्दा बढी व्यक्ति समावेश भएर निर्माण गरिएको ५ वटासम्म भिडिओ स्वीकार गरिने जनाएको छ। प्राप्त भिडिओहरूमा आयोगको अधिकार रहने र भिडिओ सन्देश आयोगले सामाजिक सञ्जाल लगायत डिजिटल माध्यमबाट प्रचारप्रसार र प्रसारणको निम्ति उपयोग गर्ने जनाएको छ।

तोकिएका शर्तहरूको पालना नभएका र म्याद नाघी प्राप्त भएका भिडिओहरू स्वीकार नगरिने तथा उत्कृष्ट भिडिओको छनोट स्वतन्त्र विज्ञ तथा आयोगका अधिकारी रहेको समितिबाट गरिने जनाएको छ। त्यस्तै उत्कृष्ट भिडिओहरूमध्ये छनोट समितिको सिफारिसमा ५० हजार पुरस्कार र प्रसंशापत्र प्रदान गरिने छ। भिडिओ २० सेकेन्डदेखि १ मिनेटसम्मको भएमा मात्र मूल्यांकनमा समावेश गरिने तथा आयोगले तयार गरेका निर्वाचन सम्बन्धी भिडिओहरूमा पनि टिकटक निर्माण गर्न सकिने जनाएको छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था

रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।

आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।

विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।

प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।

नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।

उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।

सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।

सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।

सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।

व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।

कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।

सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।

त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### सी चिनफिङ तेस्रो कार्यकालका लागि निर्वाचित

बेइजिङ, ६ कात्तिक (रासस/सिन्ह्वा)।

चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) को २०औं केन्द्रीय समितिको आइतबार सम्पन्न बैठकले सी चिनफिङलाई महासचिवमा तेस्रो कार्यकालका निम्ति सर्वसम्मत चयन गरेको छ।

तत्कालीन राष्ट्रपति माओत्सेतुङले चिनियाँ कम्युनिस्ट पार्टी स्थापना गरेयता चीनका सबैभन्दा प्रभावशाली नेतामध्ये एकका रूपमा देशको शीर्ष नेताको रूपमा अभूतपूर्व तेस्रो कार्यकाल सम्हाल्नुहुने भएको छ।

चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) को २०औं केन्द्रीय समितिको आइतबार सम्पन्न पहिलो पूर्ण अधिवेशनमा सी चिनपिङ महासचिवमा निर्वाचित हुनुभएको र उहाँले राष्ट्रपतिको जिम्मेवारीसमेत सम्हाल्नुहुनेछ।

सीको अध्यक्षतामा भएको उक्त सत्रमा चिनियाँ कम्युनिष्ट पार्टीको २०औं केन्द्रीय समितिका २०३ सदस्य र १६८ वैकल्पिक सदस्यको सहभागिता थियो। उक्त सत्रमा सीलाई सीपीसी केन्द्रीय सैन्य आयोगको अध्यक्षमा पनि नियुक्त गरिएको थियो। एक हप्ता लामो बैठकपछि पाँच वर्षमा एक पटक सम्पन्न भएको राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ।

सीपीसीको सूचीकृत २०५ सदस्यमध्ये ११ जना मात्र महिला रहेका छन्। सीपछिका दोस्रो शक्तिशाली अधिकारीका रूपमा हेरिँदै आएका चिनियाँ प्रधानमन्त्रीलाई नयाँ केन्द्रीय समितिमा समावेश गरिएको छैन। जसको अर्थ लीले आफ्नो पार्टी भूमिकाबाट विदा दिनुहुने भएको छ।

### नाइजेरियामा बाढीका कारण पन्ध्र लाख बालबालिका जोखिममा

अबुजा, ६ कात्तिक (रासस/एएनआई)।

नाइजेरियामा अधिकांश बालबालिकासहित २५ लाखभन्दा बढी मानिसलाई मानवीय सहायताको खाँचो रहेको संयुक्त राष्ट्रसङ्घीय निकाय युनिसेफले जनाएको छ। प्रभावितमध्ये ६० प्रतिशत बालबालिका रहेको र विगत एक दशकको सबैभन्दा भीषण बाढीका कारण पानीजन्य रोग, डुब्ने र कुपोषणको उच्च जोखिममा रहेको युनिसेफले चेतावनी दिएको छ।

बाढीका कारण देशका ३६ राज्यमध्ये ३४ राज्य प्रभावित भएका छन् भने १३ लाख मानिस विस्थापित भएका छन्।

बाढीका कारण छ सयभन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् भने दुई लाखभन्दा बढी घर आंशिक वा पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। युनिसेफका अनुसार झाडापखाला र पानीजन्य रोग, श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण र छालासम्बन्धी रोगका घटना बढ्दै गएका छन्।

उत्तरपूर्वी राज्यहरू बोर्नो, अदामावा र योबेमा मात्र अक्टोबर १२ सम्ममा हैजाका सात हजार ४८५ बिरामी भेटिएका र ३१९ जनाको मृत्यु भएको थियो। केही हप्तासम्म वर्षा जारी रहने भएकाले मानवीय आवश्यकता पनि बढ्ने अनुमान गरिएको छ। नाइजेरियाका लागि युनिसेफका प्रतिनिधि क्रिस्टियन मुन्डुएटले भन्नुभयो, "बाढी प्रभावित क्षेत्रका बालबालिका र किशोरकिशोरी अत्यन्तै जोखिममा छन्।"

"उनीहरू विशेष गरी पानीबाट हुने रोग, भावनात्मक र मनोवैज्ञानिक सङ्कटको जोखिममा छन्। युनिसेफले सरकार र अन्य साझेदारहरूसँग मिलेर अति आवश्यक परेकालाई जीवन रक्षक सहायता प्रदान गर्न काम गरिरहेको छ। बाढीले देशमा पहिलेदेखि नै अनिश्चित मानवीय स्थितिमा जटिलताको अर्को तह थपिरहेको छ।

बालबालिकाका लागि तत्काल प्राथमिकताका आवश्यकतामा आश्रय र भोजनसहित स्वास्थ्य, पानी, सरसफाइ र स्वच्छता समावेश छन्। बढ्दो आवश्यकतालाई सम्बोधन गर्न र जारी मानवीय हस्तक्षेपलाई निरन्तरता दिन, अपाङ्गता भएका बालबालिकालगायत अति जोखिममा रहेका व्यक्तिलाई ध्यान केन्द्रित गर्न थप कोष र स्रोतको आवश्यकता पर्दछ।

'युनिसेफको चिल्ड्रेन क्लाइमेट रिस्क इन्डेक्स (सीसीआरआई)'का अनुसार नाइजेरिया जलवायु परिवर्तनको प्रभावको 'अति उच्च जोखिममा' रहेको छ। संयुक्त राष्ट्रसङ्घीय निकायले 'अति उच्च जोखिम' भएका मुलुकका बालबालिकाले पानी, सरसफाइ, स्वास्थ्य सेवा, शिक्षाजस्ता अपर्याप्त आवश्यक सेवाका कारण जलवायु र वातावरणीय समस्याका साथै उच्चस्तरको अन्तर्निहित बाल जोखिमको घातक संयोजनको सामना गर्नुपरेको जनाएको छ।

# बारा र पर्सा सेमिफाईनलमा प्रवेश

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

मधेश प्रदेश सिनियर क्रिकेट छनोट खेलमा आइतबार बारा र पर्सा बिजय सँगै सेमिफाईलमा प्रवेश गरेका छन ।

राजबिराजमा भएको छनोट खेलमा बाराले सर्लाहीलाई ५ बिकेटले र पर्साले रौतहटलाई ६ बिकेटले पराजित गर्दै सेमिफाईनलमा प्रवेश गरेका हुन् ।

स्थानिय पबिमावि खेलमैदानमा सम्पन्न खेलमा टस जितेर सर्लाहीले ३८ ओभर ३ बलमा सबै बिकेट गुमाई १ सय २७ रनको योगफल खडा गरेको थियो । जसमा अली हसन २५ रन, राहुल महतो २१ रोशन पुलामी १८ र आतिश दास १५ रन जोडे । बलिंग तर्फ बाराका कुमार थापा ३ बिकेट, अरनिको यादब २ बिकेट, जितेन्द्र यादब, निखिल सिख्स्हे, शंकर पौडेल१/१ बिकेट लिएका थिए ।

जवाफमा बाराले १४ ओभर १ बलमा ५ बिकेट गुमाएर बिजय हासिल गऱ्यो । जसमा रबी साह सर्वाधिक ६० रन अबिजित खेले । त्यस्तै अरनिको यादब ४१ रन, आदिल अन्सारी १२ र साहिल पटेलले ११ अविजित खेल्दै टिमलाई जित दिलाए ।

यता बलिंग तर्फ सर्लाहीका विशाल पटेलले ४ र सन्दिप खडका १ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच बारा अरनिको यादब घोषित भए ।

यसैगरी मबिव खेलमैदानमा रौतहट र पर्सा बिच भएको दोस्रो खेलमा टस जितेर रौतहटले ४५ ओभर ५ बलमा सबै बिकेट गुमाई १ सय ७४ रनको योगफल खडा गरेका थिए । जसमा रनबिर यादब ४० रन, राजेश यादब ३९ डब्लु मलिक २९ रन र अरबिन्द जसवाल १० रन जोडेका थिए । बलिंग तर्फ पर्साका सम्साद अंसारी ५ बिकेट सैफुला अन्सारी ४ बिकेट र ब्यास यादबले १ हात पारेका थिए ।

जवाफमा पर्साले २६ ओभर ४ बलमा ५ बिकेट गुमाएर बिजय भयो । जसमा ईमरान शेख सर्वाधिक ७१ रन, अलफाज मन्सुरी २४ अविजित, अनुज चौहान २३ बनाएका थिए । बलिंगतर्फ रौतहटका नितेश यादब २, सुरज साह, शनि साह, राजेश यादबले १/१ बिकेट हात परे ।

खेलको म्यान अफ दि म्याच पर्साका सम्साद मन्सुरी घोषित भएको सप्तरी क्रिकेट संघका सदस्य रोशन मण्डलले जानकारी दिए । सो प्रतियोगिता अन्तर्गत यस अगाडि नै धनुषा र सिरहा सेमिफाईनलमा प्रवेश गरिसकेका छन ।

नेपाल क्रिकेट संघ (क्यान)ले कात्तिक १३ बाट सुरु हुने प्रधानमन्त्री कप राष्ट्रिय एक दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको लागि यस एकदिवसिय छनोट क्रिकेट खेलबाट मधेश प्रदेश क्रिकेट टोली छनोट भई प्रतियोगितामा सहभागिता जनाउने सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिएका छन् ।

### लोसपाबाट ...

यसैगरी सप्तरी उद्योग वाणिज्य संघका पूर्व उपाध्यक्ष शंकर दास, नेकपा एसका प्रदेश सचिवालय सदस्य अरुण देव लगायतका नेताहरु पनि जसपामा प्रवेश गरेको जिल्ला अध्यक्ष केदार यादवले जानकारी दिएका छन् ।

नव प्रवेशीहरुलाई जसपा अध्यक्ष उपेन्द्र यादव, केन्द्रीय नेता एवम् राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, पार्टीका प्रवक्ता मनिष सुमन लगायतले स्वागत गरे ।

मधेश केन्द्रित शक्तिहरुसँग चुनावी तालमेल नगरी केही नेताहरुले व्यक्तिगत स्वार्थका कारण प्रलोभनमा परि थोरै सीटमा सम्झौता गरेर पार्टीलाई नै सिध्याउने काम गरेको नवप्रवेशीहरुको आरोप छ ।


## हार्दिक मंगलमय शुभकामना




२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**विश्वनाथ मण्डल**
**अध्यक्ष, तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड, परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**



## हार्दिक मंगलमय शुभकामना




२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लिमिटेड, परिवार**
**राजविराज ३, सप्तरी**


# प्रत्यक्षतर्फ चालीस प्रतिशत मतपत्र छपाइ

काठमाडौँ, ६ कात्तिक (रासस) ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष)तर्फ ४० प्रतिशत मतपत्र छपाइ सम्पन्न भएको छ ।

हालसम्म समानुपातिक तथा पहिलो हुने निर्वाचित हुने प्रणाली गरी कूल सङ्ख्याको करिब ७० प्रतिशत मतपत्र छपाइ सम्पन्न भएको छ । समानुपातिक प्रणालीको मतपत्र धमाधम ढुवानी भइरहेको छ ।

पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ आइतबारसम्म एक करोड ६७ लाख पाँच सय मतपत्रको छपाइ सम्पन्न भएको निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिनुभयो । सोमध्ये प्रतिनिधिसभाका लागि ८७ लाख एक हजार र प्रदेशसभाको ८० लाख ५७ हजार पाँच सय मतपत्र छपाइ सम्पन्न भएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको करिब चार करोड मतपत्र भने यसअघि नै छपाइ सम्पन्न भइसकेको छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ भने ६८ जिल्लामा मतपत्र ढुवानी भइसकेको छ । अब नौ जिल्लामा मात्र मतपत्र ढुवानी हुन बाँकी छ । ढुवानी भएकामध्ये प्रदेशसभाका लागि एक करोड ९६ लाख १७ हजार तथा प्रतिनिधिसभातर्फ एक करोड ९३ लाख १३ हजार मतपत्र रहेको छ । अब प्रदेशसभाको पाँच लाख ६८ हजार तथा प्रतिनिधिसभाको पाँच लाख ५८ हजार मतपत्र मात्र ढुवानी हुन बाँकी छ ।

निर्वाचनमा कूल एक करोड ७९ लाख ८५ हजार ७० मतदाता रहेका छन् । यी मतदाताले समानुपातिक तथा पहिलो हुने निर्वाचित हुने दुई प्रणालीका लागि चार मतपत्रमा भोट हाल्नुपर्ने हुन्छ । निर्वाचनका लागि कूल करिब आठ करोड मतपत्र आवश्यक पर्छ ।

### डिजिटल भुक्तानीमा ...

चार लाखभन्दा बढीको कारोबार भएको थियो । यसअनुसार अघिल्लो आवको समीक्षा महिनाभन्दा चालु आवको भदौमा इन्टरनेट बैंकिङको प्रयोगबाट हुने कारोबार रकममा भने रु एक अर्ब ३१ करोडले कमी आएको छ ।

यसैगरी गत आवको भदौमा एटिएमको प्रयोगबाट रु ७० अर्ब १३ करोड बराबरको कारोबार भएकामा चालु आवको भदौमा कारोबार वृद्धि भई रु ७५ अर्ब ७४ करोड ६० लाख पुगेको छ ।


## हार्दिक मंगलमय शुभकामना




२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**सचिन्द्र दास**
**अध्यक्ष, तथा**
**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, परिवार**
**राजविराज, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*